मिति- २०७८।०६।०७

## प्रेस विज्ञप्ति

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का अध्यक्ष क.माधवकुमार नेपालको अध्यक्षतामा बसेको प्रथम केन्द्रीय कमिटीको बैठक आज सम्पन्न भयो । २०७८ असोज ५ गतेदेखि आज ७ गतेसम्म काठमाडौंको नयाँ बानेश्वरमा आयोजित उक्त बैठकले निम्नानुसारका निर्णयहरु गरेको छ ।

**१. कार्यविभाजन**

**क. पदाधिकारी**

अध्यक्ष- क.माधवकुमार नेपाल
वरिष्ठ नेता- क.झलनाथ खनाल
नेता- क. मुकुन्द न्यौपाने
उपाध्यक्ष- क. राजेन्द्र पाण्डे
उपाध्यक्ष- क.प्रमेश हमाल
उपाध्यक्ष- क.घनेन्द्र बस्नेत
उपाध्यक्ष- क.केदार न्यौपाने
उपाध्यक्ष- क.केशवलाल श्रेष्ठ
उपाध्यक्ष- क.धर्मनाथप्रसाद साह
उपाध्यक्ष- क. जयन्ती राई
महासचिव- क. डा.बेदुराम भुषाल
उपमहासचिव- क. प्रकाश ज्वाला
उपमहासचिव- क. डा.गंगालाल तुलाधर
उपमहासचिव- क.डा.विजय पौडेल
सचिव- क. नागेन्द्रप्रसाद चौधरी
सचिव- क. जगन्नाथ खतिवडा
सचिव- क. राजेन्द्रकुमार राई
सचिव- क. रामकुमारी झाँक्री

**ख.स्थायी कमिटी**

३५ सदस्यीय स्थायी कमिटी गठन गरिएको छ ।

**ग.पोलिट्व्युरो**

७१ सदस्यीय पोलिट्व्युरो गठन गरिएको छ।

**घ. केन्द्रीय कमिटी सदस्य (पूर्ण र वैकल्पिक गरी) जम्मा ३०१ सदस्यीय गठन गरिएको छ ।**

**ङ. सम्पूर्ण प्रदेश तथा जिल्लामा इन्चार्जहरुको जिम्मेवारी प्रदान गरिएको छ ।**

**च. केन्द्रीय कमिटीबाहेकका सबै कमिटीमा दुई उपाध्यक्षको व्यवस्था गरिएको छ ।**

**छ. महिला तथा युवा सहभागिताका सन्दर्भमा पार्टीका सम्पूर्ण तहका कमिटीमा एक तिहाई पुऱ्याउने कुरालाई उच्च प्राथमिकता दिने ।**

**२. आजको बैठकबाट 'तात्कालिक कार्ययोजना- २०७८' पारित गरिएको छ । त्यसअन्तर्गत निम्न कार्य गरिने छ ।**

- नेपाली कम्युनिष्ट आन्दोलनमा हावी भएको दक्षिणपन्थी अवसरवाद र विसर्जनवादी प्रवृत्तिको भण्डाफोर गर्ने
- पार्टीका नीति, सिद्धान्त र कार्यक्रमहरुको प्रचार प्रसार गर्ने । कम्युनिष्ट आन्दोलनका राम्रा र उपलब्धीमूलक विधि र परम्पराहरुको पुनर्जागरण गर्ने ।
- तीन महिनाभित्र देशका सबै स्थानीय तहका वडामा कमिटी गठन गर्ने लक्ष्य राखिएको छ । साथै, विभिन्न तहका कमिटीहरुको गठन, पुनर्गठन, विस्तार, रुपान्तरण, सदस्यता वितरण तथा भेला, बैठक एवं छलफलहरुको आयोजना गरिने छ ।

**३. केन्द्रीय परिषद् गठन गर्ने निर्णय गरिएको छ ।**

उक्त केन्द्रीय परिषद्मा प्रत्येक प्रादेशिक निर्वाचन क्षेत्रबाट कम्तिमा एकजना, केन्द्रीय आयोग, विभाग, जनसंगठनको समेत आवश्यक प्रतिनिधित्व हुने गरी जम्मा ७०१ सदस्यीय हुनेछ ।

**४. आयोग, विभागहरु तथा सल्लाहकार**

क. पार्टीमा अनुशासन, निर्वाचन र लेखा गरी तीन आयोग रहने छन् । ती आयोगहरु बढीमा ३५ सदस्यीय गठन गरिने छ ।

ख. पार्टीमा गठन हुने विभिन्न विषयगत विभागहरु बढीमा २५ सदस्यीय हुने छन् ।

ग. केन्द्रीय सल्लाहकार कमिटी १५१ सदस्यीय गठन गरिनेछ ।

घ. ज्येष्ठ कम्युनिष्ट मञ्च १५१ सदस्यीय गठन गरिने छ ।

**५. बैठकले समसामयिक प्रस्तावहरु पारित गरेको छ ।**

**हार्दिक अभिवादनसहित**

**(जगन्नाथ खतिवडा)**
सचिव, केन्द्रीय कमिटी तथा प्रमुख,
प्रचार विभाग